जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १६३ पृष्ठः ४ | २०८२ कार्तिक ०१ शनिबार (Saturday 18 Oct. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# हेडमाष्टरको हठले शिक्षक कर्मचारी तलवबाट बञ्चित

सिरहा, ३१ असोज। सिरहाको गोलबजार ६ स्थित जनहित आधारभुत विद्यालयका प्रधानाध्यापकको हठका कारण यहाँका शिक्षक कर्मचारी तलव भत्ताबाट बञ्चित भएका छन। प्रधानाध्यापक राजकुमार रामको हेपहा मनसायका कारण यहाँ कार्यरत ७ जना शिक्षक कर्मचारी १० महिनाको तलवबाट बञ्चित भएका हुन्। लामो समयको तलभत्ता नपाउँदा आफूहरु मर्कामा परेको ति शिक्षक कर्मचारीले दुखेसो पोखेका छन्। यहाँ कार्यरत शिक्षक कर्मचारीले प्रधानाध्यापक रामले विभिन्न बाहाना बनाएर विनाकारण तलव रोकेर राखेको बताए। प्रअ रामले तलव माग्दा कहिले नियुक्तिपत्र माग्ने, कहिले तपाईंहरु करारका शिक्षक–कर्मचारी भएकाले प्रत्यक ६–६ महिनामा रिन्यू गरेपछिमात्र तलव दिने भन्दै शिक्षक कमृचारीलाई तनाव दिनेगरेको बताए।

उनीहरुले भने, 'कहि नभएको नियम लगाएर हामीलाई दुःख दिईरहनु भएको छ, हामीलाई तत्काल तलव दिने वातावरण बन्नु पर्छ। त्यो प्रधानाध्यापकको काम हो।' यस विद्यालयमा एक विद्यालय सहयोगी, प्रअ रामसहित ७ जनाले २०८१ साल बैशाख देखि पुससम्मको र दशैं पेश्की अझै



पाएका छैनन्। धेरै विवाद पछि २०८१ माघ देखि हालसम्मको तलव भने दिएको छ। तलव नदिनुको कारण बारे प्रश्न गर्दा प्रअ रामले कहिले आफू भरखरैमात्र प्रअ भएकाले २०८१ माघ अघिसम्मको तलवभत्ता खुवाउने यथेष्ट प्रमाण नभएकाले त कहिले करकारको कर्मचारीको ६–६ महिनामा अध्यावधी गर्नुपर्ने प्रावधान पुरा नभएकाले तलव दिन नमिल्ने बताए।

उनले आफूलाई बचाउगर्दै अघिल्लो प्रअ सरिता मण्डलले बरबुझारथ नगरेकोले पनि तलव खुवाउन समस्या भएको बताए। पूर्व प्रअ भने आफूसँग भएको सवै सामान बुझाउन तयार भएपनि रिसिवि साँध्न कै लागि वर्तमान प्रअ रामले सामान बुझ्न आनाकानी गरिरहेको बताए। शिक्षा शाखा प्रमुख अनन्त कुमार पौड्यालले पूर्व प्रअ मण्डल बाहेककालाई तत्काल तलव खुवाउन निर्देशन दिईसककाे बताए। उनले निर्देशन दिएको महिनौं वितिसक्दा पनि अझै तलव पाएका छैनन्। प्रअ रामले जनप्रतिनिधी र नगरपालिकाका कर्मचारीसँगको सेटिङ्गमा आफ्नै विद्यालयका शिक्षक कर्मचारीलाई दुख दिने गरेको आरोप लाग्दै आएको छ।

# धानखेतमा जीवित नवजात शिशु फेला



**रवीन्द्र उप्रेती**

बर्दिबास, ३१ असोज। महोत्तरीको जलेश्वर नगरपालिका–४ स्थित धान खेतमा एक जीवित नवजात शिशु फेला परेको छ। बिहीबार भार्गेश्वर पोखरी नजिकको धानखेतमा करिब १५/१६ दिनको पुरुष शिशु भेटिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक (डीएसपी) शैलेन्द्र भट्टले जनाउनुभयो। शिशुले हल्का निलो रङको लुगा लगाएको र गुलाफी रङको कपडामा बेरिएको अवस्थामा भेटिएका थिए। स्थानीयवासी घाँस काट्न जाँदा खेतमा शिशु देखेपछि तत्कालै प्रहरीलाई खबर गरेका थिए। प्रहरी टोलीले शिशुलाई उद्धार गरी स्वास्थ्य परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वर पठाएको छ।

# हुक्काहुक्कीको संस्कृति जोगाउँदै ग्रामीण महिल



**धीरेन्द्रप्रसाद साह**

राजविराज, ३१ असोज। दीपावली नजिकिँदै गर्दा सप्तरीका ग्रामीण बस्तीका महिलाहरु हुक्काहुक्की बोकेर सहर धाउन थालेका छन्। जिल्लाको मलेठ, दिघवा, जोलहरी, जमुनी, झल्ही, फर्सैठ, विषहरिया लगायतका गाउँका महिलाहरु बिहान सबेरै हुक्काहुक्की बोकेर राजविराज, सहरतिर निस्कन छन्। यहाँको बजारमा हुक्काहुक्कीको माग एकाएक बढेको छ। उनीहरुले बनाएको एउटा हुक्काहुक्की १० देखि ५० रुपियाँसम्ममा बिक्री हुने गरेको छ। सस्तो मूल्यमा पाइने भएकाले ग्रामीणदेखि शहरी उपभोक्तासम्म यसमा आकर्षित हुने गर्छन्।

फर्सैठका देवनारायण यादवका अनुसार हुक्काहुक्की परम्परागत रूपमा सनपाट (पटुवा वा जुट)को ठडरी (सन्ठी) र खर प्रयोग गरी बनाइन्छ। "पहिले–पहिले घर–घरमै बनाइन्थ्यो, अहिले धेरैले बजारमा किन्ने गर्छन्," यादव भन्नुहुन्छ, "यसको माग तिहारमा मात्रै हुन्छ, किनकि यो केवल खेलौना होइन, संस्कृतिको एउटा अंश हो।" अहिले मूल कृषक खेतीपाति गर्न छोडेर सहरमा बस्न थालेपछि यसको खेती पनि थोरै मात्रामा भइरहेको छ भने हुक्कापाति खरिद गरेर मनाउनु परिरहेको छ।

गाउँघर बस्न छोडेको धेरै भयो, खेतीपाति पनि बटैयामा गरिरहेकोले सनपाटको खेती पनि कमै मात्रामा

**–बाँकी अन्तिम पेजमा**




## दीपावली सतर्कतापूर्वक मनाऔं।

**दीपावलीको समयमाः**
मैनबत्ती, दियो तथा विद्युतीय वत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ,

**त्यसबाट बच्नः**

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- बालबालिकाले भेट्ने गरी दियो, मैनबत्तीलगायतका प्रज्वलनशील पदार्थ नराखौ,
- पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचरमाथि दियो तथा मैनबत्ती नबालौ,
- मैनबत्ती, दियो बालिसकेपछी ननिभेसम्म निगरानी गरौं,
- धेरै विद्युतीय उपकरण प्रयोगका कारण विद्युत सट भई आगोलाग्न सक्ने हुँदा कम प्रयोग गरौ,
- एक्सटेन्सन प्लगको क्षमताअनुसार मात्र बत्तीको प्रयोग गरौ,
- पटाका तथा अन्य प्रज्वलनशील बस्तुको प्रयोग नगरौं।
- आगजनीबाट बचौं र बचाऔं !

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## पीडितलाई राहत

महोत्तरी जिल्लाको एकडारा र सम्सी गाउँपालिकाका बाढी पीडितहरुलाई राहत वितरण गरिएको छ। दुवै पालिकाका ३०८ बाढी पीडित परिवारलाई राहत वितरण गरिएको हो। वर्ल्ड भिजन इन्टरनेशनल नेपालको सहयोग तथा एकीकृत ग्रामीण विकास समाज बर्दिबास तथा दलित उत्थान समाज महोत्तरीको समन्वयमा एकडारा र सम्सी गाउँपालिकाका बाढी पीडितहरुलाई राहत वितरण गरिएको हो। एकडारा गाउँपालिकामा २५५ घरधुरी तथा सम्सी गाउँपालिकामा ५३ घरधुरीलाई राहत वितरण गरिएको ग्रामीण विकास समाज बर्दिबासका फिल्ड अफिसर राजीवकुमार भाले जानकारी दिनुभयो।

वडाले सिफारिस गरेका बाढी पीडितहरुलाई संस्थाका कर्मचारीहरुले जाँच पडताल गरेर वास्तविक बाढी पीडितहरुलाई मात्रै राहत वितरण गरिएको जनाइएको छ। बाढी पीडितहरुलाई सोना मनसुली चामल २५ किलो, दाल दुई किलो, खानेतेल दुई लिटर, खानेनुन एक प्याकेट, त्रिपाल दुई थान, म्याट्रेस दुई थान, कम्बल दुई थान, डोरी दुई थान, सोलार लाइटलगायतका सामग्रीहरु वितरण गरिएको छ। एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डलको विशेष उपस्थिति रहेको राहत वितरण कार्यक्रममा वर्ल्ड भिजन इन्टरनेशनल नेपालबाट दिलीपकुमार यादव, योभेन्द्र चौधरी, विनोद थापा मगर, तारा दाहाल, एकीकृत ग्रामीण विकास समाज बर्दिबासबाट उमेश न्यौपाने, कुमार भण्डारी, ऋषि चौलागाई, दीपेश श्रेष्ठ, राजीवकुमार भा, दलित उत्थान समाज महोत्तरीबाट उत्तिमचन्द्र चौधरी, देवी निरौला, सौरभ सुमनलगायतका उपस्थिति थियो।

राहत वितरण कार्यक्रममा मन्तव्य राख्नुहुँदै एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डलले बाढी र डुबानले पीडामा रहेका गाउँपालिकाका बासिन्दालाई राहत वितरण गरेकोमा संस्थालाई धन्यवाद दिनुभयो। उहाँले बाढी र डुबान पीडितहरुलाई पालिकाबाट हरसम्भव सहयोग गरिने वाचा गर्नुभयो। एकडारा गाउँपालिका वडा ३ अजमरपट्टीका बाढीपीडित शिवजी मण्डलले तिहारको मुखमा आएर राहत दिएकोमा खुशी व्यक्त गर्नुहुँदै बाढी आएको दशदिन भइसक्दा समेत कसैले राहत दिन नआएको बताउनुभयो।

असोज १८ गतेदेखि २० गतेसम्म तिन दिनसम्म लगातार परेको पानीको कारण महोत्तरी जिल्लाको विभिन्न ठाउँमा बाढी र डुबानको समस्या देखिएको थियो। सदरमुकाम जलेश्वरमा बाढी आएको साता दिनसम्म पानी जमेको कारण जलेश्वर नगरपालिकाले बिदासमेत दिनुपरेको थियो।

जिल्लामा रातो, भव्सी, जंगहा, माढा, अंकुसी, बिग्ही लगायतका नदीहरु भरिभराउ भई जिल्लामा बाढी र डुबानको समस्या देखिएको थियो। यता केही दिन अगाडि सेभ द चिल्ड्रेनले रातो नदीको कारण बाढी पीडित बनेका जलेश्वर नगरपालिकाका १ र ८ नं वडाका ११२ परिवारलाई राहत वितरण गरेको थियो। जिल्लामा बाढी र डुबानबाट महोत्तरीका जलेश्वर नगरपालिकासहित बर्दिबास, औरही, भंगाहा सीतापुर, बलवा, महोत्तरी, रामगोपालपुर, मटिहानी र सम्सीका २२८ परिवारका ८२६ जना विस्थापित थिए भने बाढीमा डुबेर जलेश्वर ६ का एक ११ वर्षीय बालकको मृत्यु भएको थियो।

# देशको नेतृत्व कहाँ चुक्यो ?



इन्द्र अधिकारी

अहिले जुन खालको परिस्थिति छ, यो स्थितिमा अन्तरिम सरकारको नेतृत्व गरिरहनुभएका सुशीला कार्की नै अहिले देशको नेता हुन्। प्रधानमन्त्री र कार्यकारी अधिकारको हैसियतले ६ महिनाभित्र चुनाव गराउने गरी संवैधानिक मार्गमा ल्याएर छोड्ने जिम्मेवारी उहाँमा छ। अधिकारको हिसाबले राष्ट्रको नेतृत्व उहाँले गरिरहनुभएको छ, तर नेतृत्वको सङ्कट अहिले मात्रै होइन, पहिल्यैदेखिको हो। हामीकहाँ नेता नेताजस्तो जन्मन नसकेकै कारण देश अलिकति अस्तव्यस्त ढङ्गले अगाडि बढेको परिस्थिति हो। जहाँसम्म अब कसरी जाला भन्ने छ जुन ढङ्गले जसले आन्दोलन गरेका कारण यो उथलपुथल भयो भनिन्छ, त्यहाँ नै राजनीतिक नेतृत्व छैन। किनकि सरकारलाई काम गर्न अप्ठ्यारो छ। कोसँग परामर्श गरेर, कोसँग समन्वय गरेर, को–कोसँग सहयोग लिएर विश्वासमा काम गर्ने भन्ने परिस्थिति छ।

एकातिर जसले आन्दोलन गरेका हौँ भन्छन्, तिनले कुरा सुन्न सक्दैनन्। निषेधकै राजनीति गर्न भड्किएका मान्छेहरू बाहिर सतहमा देखिन्छन्। भित्रकै केही मान्छेहरू पनि खुसुक्क काम गरौँ भन्छन्, ती अल्पमतमा छन् अथवा तिनले खतरा भोगेको परिस्थिति छ। अत्यधिक ढङ्गले उत्साहित भएको र जस लिन खोज्ने जुन घटक छ, त्यो शंकास्पद छ र कसरी कहाँबाट कसको परामर्शमा अथवा निर्देशनमा ती भइरहेका छन्, राज्यले पनि पत्ता पाउन सकिरहेको छैन। जुन वास्तविक आन्दोलनकारी युवा पुस्ताहरू उनीहरूले राजनीतिक बुझ्दै र अभ्यास गरिरहेका छन्। तर उनीहरू उमेर र पृष्ठभूमिको हिसाबले परिपक्व भइसकेको स्थितिमा छैनन्, जसले पुराना दलहरूलाई व्यवहार गर्न सकुन्। उनीहरूमा वार्ता गर्ने, संलग्न हुने, आफ्नो असन्तुष्टि व्यक्त गर्ने अनि यसरी अगाडि बढ्न सकिन्छ भनेर एक खालको सम्बन्ध सम्पर्क बढाउने त्यो ढङ्कको परिपक्वता आइसकेको छैन।

फेरि राज्यकै संयन्त्रहरू पनि कति सहयोगी छन् भन्ने पछिल्लो चरण असाध्यै शंका लाग्ने परिस्थिति सिर्जना हुनुले देखाउँछ। त्यसैले सरकार नै कति विश्वासमा छ भन्ने कुरा पनि हो। निर्वाचित सरकारले परिणाम दिन नसकेकाले दबाब दिएर हामीले राजीनामा माग्न परेको हो, त्यसपछि पनि पारदर्शी हिसाबले काम कारबाही नभएको देखिन्छ। बानेश्वरमा बन्दुक पड्काउँदा न प्रमुख जिल्ला अधिकारी न उसको आधिकारिक कमान्डरलाई जानकारी थियो। त्यो भनेको हामीले हेर्दा सामान्य रूपमा आदेश शृंखलाले पनि काम गरेको छैन।

उनीहरूभित्रै सुरक्षा अङ्गहरूबिच समन्वय पटक्कै देखिँदैन। एउटा प्रहरी मात्रै हतोत्साहित अवस्थामा त्यहाँ देखियो, अथवा विधिसंगत ढङ्कले पनि चलेको छैन भन्न पनि सकिन्छ। अधिकारीहरूलाई परामर्श गरिन्छ। पत्रकारहरूले जस्तै मान्छेले किन हताहत भयो भनेर सोधेपछि मात्र सीडीओ कार्यालयले 'एक गोली चलेछ' भन्ने कुरासँग सूचित भएको देखिन्छ। त्यो बेला अधिकारवालाहरूले पनि 'गोली चलाउन भनेकै छैन' भन्ने कुरा पनि आएका छन्। सय मिटरमा आएर सेना बसेको छ, सेना ट्रकबाट निस्किएको छैन। त्यहाँ सशस्त्र पुलिस छ, उनीहरूको कहीं सक्रियता देखिँदैन। प्रदर्शनकारीको छाती र पेटमा गोली हानेको छ, त्योभन्दा पहिलाका शान्तिपूर्ण व्यवस्थापन गर्ने तौरतरिकाहरू एक अर्काको सूचना सम्प्रेषण गर्ने, साझेदारी गर्ने गुप्तचरको कुराहरू ती सबैमा पुरै रिक्तता देखिन्छ।

त्यो संयन्त्रहरू नै अव्यावसायिक भएको हो कि असहयोगी भएको हो, त्यो नै अनुसन्धानको विषय हो। उनीहरूले सूचना संकलन गरेको अनि यस्ता गतिविधिहरू हुन सक्छन् भनेर आकलन गरेको, यस्तो भयो भने यो–यो रणनीति हुन्छ भनेर क ख ग घ... गरेर रणनीतिहरू बनाएको देखिँदैन। देशमा अनुमानै नगरेको घटना कोटेश्वरमा भयो, त्यो कुरालाई राज्य संयन्त्रले आँखा चिम्म गर्न मिल्छ ? युवापुस्ता जसको नेतृत्व छैन, उनीहरूले आह्वान मात्रै गरेका छन्, उनीहरूमाथि बन्दुक राखेर गोली हान्न सबैभन्दा सजिलो ठाउँ बन्न सक्छ भनेर हामीजत्तिको सर्वसाधारणहरूले अनुमान गरेका छौँ। तीन महिना पहिला (राजावादी प्रदर्शन) तीनकुनेमा भएको आगजनी, त्यस्तो मान्छे मारिएको पत्रकार घरभित्र जलेको विषयमा हामीले 'अनुसन्धान नै गर' भनेका थियौँ।

राज्य सञ्चालनमा बसेका नेतृत्वको असफलता नै भन्नु पर्‍यो। त्यति सामान्य पनि चेतना नहुनु भनेको, राज्य संयन्त्रमा बसेर त्यति पनि थाहा नपाउनु गुप्तचर सबैको असफलता होइन र ? हाम्रो राज्य संयन्त्रहरू कुनै पनि यति धेरै नातान्यावी भएछन् कि आफ्नो काममा कोही पनि व्यावसायिक प्रतिबद्धता, जिम्मेवारी, जबाफदेही देखिँदैन। त्यत्रो घटनाको बाबजुद कसैले पनि जिम्मेवारी लिएको छैन। पुरानो सरकारले प्रश्न गर्नेहरूलाई उल्टै 'हामीलाई कमजोर पार्न विदेशीहरूले परिचालित गरेको' भनेर आज केही मान्छेहरूले बोलेको सुन्छु।

राज्यलाई कर तिरेको तपाईं हामी सुरक्षित हुन्छौं, सम्पत्ति सुरक्षित हुन्छ भनेर हो। यी जम्मै कुराहरूमा राज्य बेखबर भइदिने, बेवास्ता गर्दिने, उदासीन रहिदिने अनि जिम्मेवार पनि नबन्ने, जबाफदेहिता पनि नलिने हो भने हाम्रो राज्य छ कहाँ के ? त्यसले अहिले पुरानो सरकार अलोकप्रिय थियो, तपाईं हामीले पनि असाध्यै आलोचना गरेको हो। यो कुनै व्यक्तिको होइन, कुरो सरकारको हो, संरचनाको हो, प्रणालीको हो। त्यही भएर मैले पटक–पटक भन्छु– हामीले मन नपराएको केपी ओली गए। एउटा खराब मान्छे मारियो भन्दै गर्दा अब काल पल्कियो भनेर चिन्ता गर्नुपर्ने हुन्छ।

हाम्रो राज्य संयन्त्रका सबै यावत कुराहरूमा हामी चिन्तित हुन जरुरी देख्छु। नेतृत्वको रिक्तताकै कारण यो परिस्थिति हुन सक्छ। तर सबै मान्छे आ–आफ्नो ठाउँमा जबाफदेही हुनु पर्दैन ? राजनीतिक नेतृत्वको मात्रै कुरा गरेर पुग्दैन, प्रशासनिक नेतृत्वको सफलता वा क्षमता देख्नुभयो ? सुरक्षा नेतृत्वको सफलता क्षमता देख्नुभयो ? अहिले यावत कुराहरू गरेर हुन्छ ? जवाफ दिनुपर्दैन ? आ–आफ्नो कामको कुन–कुन अंगले कुन संरचनाले जिम्मेवारी बहन गर्‍यो सफलतापूर्वक ?

राजनीतिक अधिकार बलियो नभए, राजनीतिक अधिकार दूरगामी नभए धेरैले दुःख पाउँछन्, हामीले त्यही दुःख पाइरहेका छौँ। तर यस्तो भन्दै गर्दा राजनीतिक अधिकारलाई ठिक छ, गोली हान भन्यो रे, भोलि हान भन्दै गर्दा हान्ने मान्छेले जवाफ दिनुपर्दैन ? किनभन्दा कानुन त तिमीलाई लाग्छ। उसले सिकेका पनि छन्, भोलि हान भने पनि घुँडामुनिबाहेक हान्न मैले मिल्दैन भनेर तालिम लिएको छु, यदि माथि हान्यो भने म त्यसको भागीदार बन्छु भनेर गोली हान्ने मान्छेलाई पनि थाहा छ।

फेरि पनि त्यही संयन्त्रको व्यावसायिकतामा प्रश्न गर्ने कुरा हो, नागरिक सुरक्षले मानौँ हामीलाई थाहा थिएन भन्छन्। तिनीहरूको पनि त असक्षमता हो। किनभने तिनीहरूले सूचना लिन प्रयास गर्नुपर्थ्यो, घुसपैठ हुन्छ भन्ने त हामी जस्तालाई नि थाहा पाउने कुरा हो। त्यो सूचनै थिएन भन्ने अनि फेरि समन्वय हुँदैन, सबैसँग छ त गुप्तचर इकाइहरू।

अझै भएन भनेर प्रधानमन्त्रीअन्तर्गत अनुसन्धान विभाग गाभेको छ। तिनीहरूले गर्छन् के ? मानौँ, हामी सूचना दिएका थियौँ भन्लान्। त्यसोभए ए, बी, सी, डी... किन योजना बनाएनन् ? नेतृत्वको असफलता राजनीतिक हिसाबले मात्र होइन, राज्य संरचनामा भएको प्रशासनिक, सुरक्षा लगायतको त्यो नाकामी नेतृत्वहरू जबाफदेही हुनुपर्छ। जस्तैः वरिष्ठ अवकाशप्राप्त सेनाका मान्छेहरू एकदमै गर्व गर्छन्, ओलीले राजीनामा दिलाउन सेनापतिको भूमिका कारणले समाजलाई सम्हाल्न सक्यो भन्छन्। त्यो गर्दै गर्दा सेनापतिले राजीनामा माग्न मिल्छ र ? प्रधानमन्त्रीले राष्ट्रपतिलाई भेटेर राजीनामा दिने कि सेनापतिको हातमा राजीनामा पठाउने ? अर्को कुरा, तपाईंले राजीनामा दिनुभएन भने बचाउन सकिन्न भनेको कुरा आयो। त्यो राष्ट्रपतिलाई नि भनिएको थियो। 'मलाई मार तर म राजीनामा दिन्नँ' राष्ट्रपतिले भन्दै गर्दा ओलीजीले ठीक छ म जिम्मेवार हुन्छु, राष्ट्रपतिसमक्ष राजीनामा दिन्छु। माफ पनि माग्छु भन्न सक्नुपर्थ्यो। सुरक्षा दिन सकिन्न भन्दा तिमीहरूले औचित्य प्रमाणित गर कि त्यो संगठन केका लागि हो भनेर पनि प्रश्न गर्न नसक्ने ?

सेना प्रहरीले पदमा बसेको बहालवाला प्रधानमन्त्रीलाई राजीनामा नदिए बचाउन सक्दिनँ भन्छ भने त्यो संगठनको काम के हो ? अनि त्यो औचित्य प्रमाणित गर्न पर्दैन ? केका लागि त्यो बर्दी भिरेर हिँड्ने ? नेतृत्वको संकट म सबैमा देख्छु। यो प्रश्न हामी सबैले उठाउनुपर्छ, नत्र हामी सुरक्षित छैनौँ। हाम्रो संयन्त्रहरूबाट हामीले सुरक्षा प्राप्त गर्ने अवस्था गुमाइसक्यौँ। हाम्रा यी कुनै अंकहरू व्यावसायिक हिसाबले सक्षम छैनन् अथवा इमानदार छैनन्, त्यो पनि अनुसन्धानको विषय हो र गर्नुपर्छ। (अध्येता अधिकारी जेएनयू विश्वविद्यालयबाट पीएचडी हुन्।)

# पुष्प व्यवसाय : आठ अर्ब ८३ करोड लगानी, ५३ हजारलाई रोजगारी

काठमाडौँ, ३१ असोज। नेपालीहरुको दोस्रो ठूलो चाड तिहार सुरु भएसँगै फूल किनबेचसमेत बढेको छ। फूल र रङको पर्वको रुपमा रहेको तिहार सुरु भएसँगै फूलको किनबेच बढेको हो। पूजाआजादेखि विवाह, स्वागत, बिदाइदेखि मृत्युपछि समेत प्रयोग हुने फूलखेतीमा पछिल्लो समय नेपाल आत्मनिर्भर हुँदै गएको छ। नेपालमा २०११ सालदेखि सामान्य रुपमा फूलखेती हुँदै आए पनि २०५० सालको दशकपछि भने यसले व्यावसायिक रुप धारणा गरेको हो।

पछिल्लो एक दशकयता नेपालमा फूलको व्यावसायिक खेती गर्नेको संख्या बढ्दो छ। पुष्प व्यवसायबाट मनग्य आम्दानी हुने भएपछि कृषिका अन्य क्षेत्रसँगै पुष्पखेती गर्नेको संख्या बढ्न थालेको हो। यस्तै, फूलको प्रयोग धेरै हुने भएकाले तिहारलक्षित फूलखेती गर्नेको संख्या बढ्दै गएको छ। छोटो समयमा पर्याप्त आम्दानी हुने भएकाले तिहारमा प्रयोग हुने सयपत्री र मखमलीको व्यावसायिक खेती हुने गरेको छ।

विशेषगरी तिहारमा फूलको व्यापार धेरै हुने गरेको छ। तिहारमा काठमाडौँ उपत्यकाभित्र मात्र ४० लाखभन्दा बढी माला बिक्री हुने गरेको नेपाल फ्लोरिकल्चर एसोसिएसनका अध्यक्ष राजेशभक्त श्रेष्ठ बताउछन्। फूलको प्रयोग बढिरहेको नेपालमा नर्सरीदेखि जमिन भाडामा लिएर पुष्प व्यवसाय गर्न थालिएको उनको भनाइ छ। बढ्दो सहरीकरणको विकास तथा विस्तारसँगै सातै प्रदेशका मुख्य सहर तथा देशका ५२ जिल्लामा पुष्पखेती भइरहेको अध्यक्ष श्रेष्ठ बताउछन्।

"नेपालको वातावारण फूलखेतीका लागि अनुकूल छ", उनी भन्छन्। देशभरका भण्डै २७० हेक्टर क्षेत्रफलमा पुष्पखेती गरिएको छ। पुष्प व्यवसायमा रु आठ अर्ब ८३ करोडभन्दा बढीको लगानी रहेको र ५३ हजार ५०० व्यक्तिलाई रोजगार प्रदान गरिएको अध्यक्ष श्रेष्ठले बताए। पुष्प व्यवसायको माग र आपूर्तिमा वार्षिक वृद्धिदर १० प्रतिशतभन्दा धेरै रहेको छ। कोरोना महामारीको समयमा पुष्प व्यवसायमा असर गरेको भए पनि विस्तारै पुष्प व्यवसायले गति लिँदै गएको छ। आर्थिक वर्ष २०८०–८१ मा रु तीन अर्ब ६८ करोडभन्दा बढीको कारोबार भएको थियो भने २०८१–८२ मा रु तीन अर्ब ३७ करोडको कारोबार भएको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

भन्सार विभागको तथ्याङ्कअनुसार आव २०८०–८१ मा पुष्प तथा पुष्पजन्य वस्तुको वार्षिक निर्यात रु एक करोड दुई लाख १२ हजार कारोबार रहेकामा आव २०८१–८२ मा रु दुई करोड १३ लाख ६० बराबरको निर्यात भएको थियो। नेपालमा उत्पादन हुने फूल जापान, हङकङ, अमेरिका, अस्ट्रेलिया, कतार, क्यानडा, युएईलगायत मुलुकमा निर्यात हुँदै आएको एसोसिएसनले जनाएको छ।

# 'पवित्र तुलसी'को वैज्ञानिक उपयोगिता

**श्याम शरण श्रेष्ठ**

तुलसीलाई हिन्दुहरूले भगवान विष्णुको रूपमा पुज्ने गर्छन्। असार शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीको दिन तुलसी रोप्ने र कार्तिक शुक्ल एकादशी अर्थात हरिबोधिनी एकादशीको दिन विशेष पूजा गरी तुलसीको विवाह गरिदिने प्रचलन छ। क्रिष्टियनहरूले तुलसीलाई लामो समयदेखि पवित्र क्रसको उच्चताको पर्वसँग जोड्ने गरेका छन्। तुलसीले शरीरसहित मन र आत्मालाई शुद्ध पार्ने विश्वास गरिन्छ। विष्णु भगवानलाई पात अर्पण गर्नाले जीवनभर कर्म शुद्ध हुन्छ भनिन्छ। सुन वा अन्य बहुमुल्य रत्नहरू भन्दा प्रिय मानिन्छ। नकारात्मक ऊर्जा र खराब प्रभावहरूबाट जोगाउने विश्वास पनि छ। जहाँ तुलसी उम्रिन्छ त्यहाँको भूमि पवित्र हुन्छ भन्ने कुरा स्कन्द, पद्म र गरुड पुराणहरूमा उल्लेख गरिएको छ।

तुलसी एक देखि दुई फिट सम्म अग्ला हुन्छन्। पातहरू हरियो वा बैजनी रंङ हुन्छन्। डाँठहरूमा हल्का रौं हुन्छन्। तुलसी दुई प्रकारका छन्। एउटा राम र अर्को कृष्ण। राम हरियो हुन्छ भने कृष्ण बैजनी रङको हुन्छ। आयुर्वेद विज्ञानमा यसलाई वनस्पतिहरूको रानीको रूपमा लिएको छ। यसले हावामा रहेका विशाक्त ग्यासहरू अवशोषित गर्छ। अक्सिजन ग्यास उत्सर्जन गर्छ। अंग्रेजीमा यसलाइ 'होली बेसिल' भनिन्छ जसको अर्थ हो– अरूसँग दाँज्न नमिल्ने। यसलाई एन्टिमाइक्रोवियल एजेन्ट, एन्टिपाइरेटिक र इम्युनोस्टिमुलेटरको रूपमा प्रयोग हुन्छ।

एन्थोसाइनिन, फ्लेभोन, सी ग्लाइकोसिल्फेभोन, फ्लेभोनोल, आइसाफ्लेभोन, फ्लेभोनोइड्स, कुमारिन र फेनोलिक एसिडहरू पनि तुलसीमा पाइन्छ। ट्यानिन, युजेनोल, क्यारीयोफीलिन, कारभाक्रोल, लिनालोल, क्यामफोर, सिनामाइल एसिटेट र तुलसीनोल ए जे जस्ता महत्वपूर्ण तत्वहरू पनि पाइन्छन्। सुगन्धित तेलहरूमा कपुर, युक्यालिप्टोल, विसावोलिन, युजेनोल, जर्माक्रेन र विटा विसावोलिनहरू हुन्छन्। यी तत्वहरू भएका कारण यो वनस्पति एन्टिक्यान्सर, एन्टिअक्सिडेन्ट, एन्टि इन्फलामेटरी तथा तनाव र सुगर रोगमा प्रयोग भएको पाइन्छ।

एन्थोसाइनिन एउटा महत्वपूर्ण तत्व हो, जुन वनस्पतिहरूमा पाइन्छ। यसले वनस्पतिमा हुने विभिन्न प्रकारको रङ प्रदान गर्छ। यिनीहरू फेनोलिक समूहमा पर्दछन्। यो पानीमा घुल्न सक्ने घुलनशील कणहरूको समिश्रण हो।

रातो, बैजनी र निलो रङका लागि महत्वपूर्ण हुन्छ एन्थोसाइनिन।



तुलसीमा क्यान्सर प्रतिरोधीको रूपमा कोमारिन रहेको छ। यो प्रोस्टेट क्यान्सर, मिर्गौलाको क्यान्सर र रक्त क्यान्सरको उपचारका लागि प्रयोग हुन्छ। यसमा रेडियोथेरापी गर्दा हुने साइड इफेक्टको प्रतिरोध गर्ने क्षमता पनि हुन्छ।

कोमारिनले एन्टि इन्फ्लामेटेरीको काम पनि गर्दछ। यसले रिउमाटिक आर्थाटियस, दम र आन्द्राको रोगमा पनि प्रयोग गरेको पाइन्छ। एन्टिअक्सिडेन्ट र एन्टिव्याक्टेरियलको रूपमा पनि प्रयोग गरेको पाइन्छ।

तुलसीमा भएको बैजनी रङ यसैको कारणले भएको हो। सी ग्लाइकोसिलफ्लाभोन एन्थोसाइनिनमा भएको निलो रङ प्राकृतिक हो। फ्लाभोनोइडहरूले मानव शरीरमा अक्सिडेशन रोक्ने काम गर्दछ। जिन म्युटेशनलाइ रोक्ने काम गर्छ। त्यस्तै क्यान्सर विकासको क्रमलाइ अवरुद्ध गर्छ। कोषहरूमा हुने रासायनिक प्रतिक्रियालाई उत्तेजित गर्ने प्रोटिनलाई नियमन गर्न मद्दत गर्छ। यसले रक्तचापलाई पनि कम गर्न मद्दत गर्छ।

यसले अक्सिडेशन कम गराएर एल डि एल कोलेस्टेरोल घटाउन मद्दत गर्छ र लिपिड प्रोफाइल सुधार गर्ने काम गर्छ। यसले हृदयरोगको जोखिम कम गर्छ। रक्तनली खुलाउने काम गरी रक्तनलीको भित्री भागको कोषिकाको मृत्यु प्रकृयालाई नियमन पनि गर्छ। पार्किन्सन तथा एल्जाइमर रोगलाई घटाउने काम पनि गर्छ। नसाको दुखाइलाई पनि महत्वपूर्ण छ।

फ्लाभोनोईडहरूले विटा सेलको प्रशारलाई सुधार गर्छ, जुन प्यान्क्रियाजमा हुन्छ। यसले इन्सुलिन बनाउन मद्दत गर्छ। साथै कोषको मृत्युलाई कम गर्ने काम गर्छ। कलेजोमा ग्लुकोज मेटाबोलिज्मलाई नियमन गरेर हाइपरग्लाइसेमिया हुनबाट जोगाउने काम गर्छ।

क्यान्सर प्रतिरोधी काम पनि गर्छ। डि एन ए र ठूला मोलिकुलहरूलाई जोगाउन फ्रि र्‍याडिकलहरू कम गराउने काम पनि गर्छ। फ्लाभोनोइडहरू एन्टि भाइरल पनि हो। एन्टि इन्फ्लामेटेरी र फ्रि राडिकलसँग लड्न सक्ने गुण भएको कारण फ्लाभोनोइडहरूले मस्तिष्क कोषिकाहरूलाई पनि सुरक्षा प्रदान गर्छ।

थाई खानामा तुलसीका पातहरू प्रशस्त रूपमा प्रयोग भएको पाइन्छ। थाई भाषामा तुलसीको पातलाई 'काफ्राओ' भनिन्छ। समुद्री खाना, भात आदिमा यसको प्रयोग गरिन्छ। रातो र सेतो दुई प्रकारको तुलसी यहाँ पाइन्छ।

मिनाङ्गाबाउ र इन्डोनेसियाली भाषामा तुलसीलाई 'रुकुरुकु' भनिन्छ। उनीहरूको खाना, माछा, मासु तथा अन्य परिकारहरूमा स्वादका लागि तुलसीको प्रयोग भएको पाइन्छ। अन्न भण्डारणको समयमा लाग्ने कीरा फट्याँग्रा भगाउनका लागि पनि यसको प्रयोग भएको पाइन्छ। निमाटोसाइडलको रूपमा पनि प्रयोग हुन्छ। यसरी वैदिक कालदेखि विभिन्न प्रयोजनका लागि प्रयोग हुँदै आएको तुलसी बहुगुणी वनस्पति हो।

पारम्परिक ज्ञान कतिको महत्व छ भन्ने कुरा विभिन्न समयमा र धेरै विश्वविद्यालयमा भएका अनुसन्धानहरूले पुष्टी गर्छ। तुलसी सहित धेरै वनस्पतिहरूमा अनुसन्धानहरू भइरहेका छन्। परम्परागत ज्ञानकै कसीमा यी अध्ययनहरू सफल भएका छन्। चिनियाँ वैज्ञानिक युयुले ले मलेरियाको औषधिका लागि तितेपाती छानेका थिए। तितेपाती चीनमा पनि परम्परागत रूपमा प्रयोग गर्दै आएका थिए। उनले यसबाट आर्टिमेसिन भन्ने तत्व पत्ता लगाए, जसले विश्वमा मलेरिया विरुद्धको औषधिका लागि नयाँ फड्को नै मारेको थियो। यसबाट यु युले नोबेल पुरस्कार समेत प्राप्त गरेका थिए।

# नेपाल अपराजित रहँदै
## विश्वकप छनोटको च्याम्पियन

काठमाडौं, ३१ असोज। नेपालले अपराजित रहेर आईसीसी टी–२० विश्वकप एसिया तथा इस्ट एसिया पेसिफिक छनोटको उपाधि जितेको छ। शुक्रबार अन्तिम खेलमा सामोआलाई १२४ रनले हराउँदै नेपालले समूह चरणदेखि सुपर सिक्सका सबै खेल जितेर च्याम्पियन बनेको हो। नेपालले दिएको २१२ रनको विशाल लक्ष्य पछ्याएको सामोआले २० ओभरमा ७ विकेट गुमाएर ८७ रन मात्र बनायो। सिन सोलियाले सर्वाधिक ४० रन बनाए।

नेपालका लागि ललित राजवंशीले ३ विकेट लिँदा करण केसी, सन्दीप लामिछाने र रोहित पौडेलले १–१ विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले आसिफ शेख र दीपेन्द्रसिंह ऐरीको अर्धशतक मद्तमा २० ओभरमा ४ विकेट गुमाएर २११ रन बनाएको थियो। आसिफले ४१ बलमा ७ चौका र ४ छक्कासहित ६९ रन बनाए। दीपेन्द्रले २ चौका र ४ छक्कासहित ५३ रन बनाए।

लोकेश बमले ११ बलमा ३९ रन बनाएर फिनिसिङ गरे। रोहित पौडेल २१ रनमा अविजित रहे। कुशल भुर्तेलले १७ रन बनाए। सामोआका लागि डानियल बर्गस, साउमानी ताइ, डारियस भिसर र नोआह मिडले

–बाँकी अन्तिम पेजमा


नेपाल सरकार
भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**मालपोत कार्यालय, लहान (सिरहा)**

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

उपरोक्त सम्बन्धमा मेरो स्व. बाजे विलट खाँको नाममा तपसिलको जग्गाको सर्वे नापनक्शा भई फिल्डबुक तयार भएको र जग्गा दर्ता गर्न सम्म छुट भएकोले निज विलट खाँको र निजको एक मात्र पत्नी रफिना खातुन समेतको मृत्यु पश्चात हक अंश खाने नजिकको जिवित हकदार एक मात्र छोरा ईसुफ खाँको हक खाने छोरा/ज.ध को नाती म मात्र भएकाले सो छुट जग्गा दर्ता प्रमाणपुर्जा उपलब्ध गरी पाउन जि. सिराहा साविक गा.वि.स. वलकवा वार्ड नं. ७ हाल परिवर्तित न.पा. गोलबजार वार्ड नं. ११ मा वस्ने मो इसा खाँले यस कार्यालयमा छुट मि.नं.४ दर्ता मिति २०८२।०६।२९ मा निवेदन दर्ता गराएको हुँदा, उक्त जग्गा सम्बन्धमा यी निवेदक बाहेक अरु कोही हकदार, हक भोग, कुनै व्यक्ति विशेषलाई फरक भए वा यी निवेदकको माग बमोजिम उक्त छुट जग्गा दर्ता गरि यि निवेदकको नाममा ज.ध. दर्ता दिदा कोही कसैको हक मेटीने भए वा कोही कसेको जोत भोग र स्वामित्वमा फरक असर पर्ने भए अथवा कुनै किसिमको सरकारी सार्वजनिक ऐलानी प्रति वा अन्य व्यक्ति विशेषको जग्गालाई फरक असर पर्ने भए साथै निवेदकको माग बमोजिम जग्गा दर्ता गर्नु नपर्ने कुनै सार्थक कारण भए यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र स–प्रमाण यस कार्यालयमा हक दावी वा उजुर वाजुर गर्नु आउनु हुन यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ। म्याद भित्र हक दावी नगरेमा निवेदकको माग बमोजिम जग्गा दर्ता भई जानेछ। पछि कसैका उजुर वाजुर लाग्ने छैन।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाको महल |
|---|---|---|---|---|---|
| जिल्ला | असनपुर | ६ख | ८१ | ०–७–५ | विलट खाँको छोरा युसुफ खाँ |

नेपाल सरकार
भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**मालपोत कार्यालय, लहान (सिरहा)**

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

प्रस्तुत विषयमा जि.सि.गा.वि.स. ईटहर्वा वार्ड नं. ३ हाल सखुवानन्कारकट्टी गा.पा. वडा नं. ५ बस्ने फनि मोची नाती रुपन मोचीको छोरा रमुवा मोचीले मेरो बुवा रुपन मोचीको नाममा नाप नक्सा भई फिल्ड बुक समेत तयार भएको र दर्ता कायम नभएको नम्बर जग्गा छुट भएकाले उल्लेखित जग्गाहरु छुट जग्ग दर्ता गरी नामसारी गरी पाउँ भनि द.नं. १०६६४ मिति २०८१।१२।४ गते निवेदन दर्ता भएको ज.ध. रुपन मोचीको मिति २०३८।०६।२१ गते आफ्नो कालगतिले मृत्यु भएकोले निजको नजिकको हकदार १(एक) मात्र पत्नी दुखनी देवी मोची रहेकोमा निजको पनि २०५६।१०।१६ मा आफ्नो कालगतिले मृत्यु भई सकेकोले निज मृतकको हक खाने एकमात्र छोरा रमुवा मोचीको माग निवेदन रहेकोमा उक्त छुट जग्गा निवेदकको नाममा नामसारी दर्ता गरी ज.ध. पूर्जा दिँदा कोही कसैको हक हिस्सा जोतभोग वा स्वामित्वमा फरक/असर पर्छ वा पर्दैन ? कुनै किसिमको सरकारी सार्वजनिक ऐलानी पर्ति, व्यक्ति विशेषको जग्गालाईफरक/असर पर्छ पर्दैन ? निवेदकको माग बमोजिम छुट जग्गा दर्ता गरी निवेदकको नाममा नामसारी गर्नु नपर्ने भए यो सूचना प्रकाशित भएको मितिले बाटो म्याद बाहेक ३५ दिनेभित्र स प्रमाण सहित यस कार्यालयमा उजुर बाजुर गर्नु होला अन्यथा कानून बमोजिम भई जानेछ। भनी सरोकारवालाहरुमा सुचि गराईन्छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसानको महलमा | जग्गावाल महलमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| जिल्ला | ईटहर्वा | ३ | १० | ०–२–१० | काटिएको | काटिएको | यो जग्गा पे.ईटर्वा ३ बस्ने रुपन मोचीको नम्बर हो। |

## हुक्काहुक्कीको संस्कृति ...

भइरहेको राजविराज निवासी डोमन साहले हुक्कापाति बनाउन आवश्यक सामग्री नुहँदा खरिद गर्नु परेको बताउनुभयो। आफु हुक्काहुक्की बनाउन सीप जानेको बताउँदै उहाँले भन्नुभयो, "नयाँ पुस्ताले हुक्काहुक्की बुझ्छन् की बुझ्दैनन् भन्न गाह्रो छ।"

बायोबृद्ध शान्तिदेवीका अनुसार तिहारमा दीपावलीका दिन कुलदेवताको घरमा बालिएको दियोको आगो हुक्काहुक्कीमा सल्काएर चौबाटो, खेत, सार्वजनिक डगरमा खेल्ने चलन छ। "यो रमाइलो मात्र होइन, शुभ-अशुभको प्रतीक पनि हो। हुक्काहुक्कीमा आगो बलेको समय र दिशाले पनि भविष्यको संकेत दिन्छ भन्ने विश्वास छ," उहाँ बताउनुहुन्छ।

पुस्तौदेखि घरबाट दरिद्र भागोस्, शान्ति छाओस्, लक्ष्मीको वास होस् भन्ने विश्वासका साथ लक्ष्मी पूजा अर्थात् दिपावलीका दिन प्रत्येक घरको छानामाथि एक-एक वटा हुक्काहुक्की राखिने चलन रहेको ९० वर्षीय सीतावीप्रसाद साहले बताउनुभयो। हुक्काहुक्की बनाउने, बाल्ने र खेल्ने चलन केवल तिहारको रमाइलो मात्र होइन, नयाँ धान उत्पादनसँग पनि जोडिएको परम्परा हो। गृहिणी सीता साहका अनुसार, प्रत्येक घरको छानामा हुक्काहुक्की राख्ने र त्यसलाई 'नेवान' अर्थात् नयाँ धान खाने शुभ अवसरमा प्रयोग गर्ने परम्परा रहिआएको छ। "नेवानमा नयाँ धानको च्युरा कुट्दा वा भुट्दा दाउराको रूपमा हुक्काहुक्की नै प्रयोग गरिन्छ," सीता साह बताउनुहुन्छ।

यसरी हुक्काकुक्की बेच्ने र खरिद गरिने चलन भने सहर बजारमा मात्र भेटिने गरेको छ। ग्रामीण बस्तीका मानिसहरु सहरमा बसोबास गर्न थालेपछि उनीहरुको सन्तानलाई हुक्काहुक्की संस्कृतिप्रति चेतना जगाउन र निरन्तरता दिन सहरमा यसको व्यापार सुरु गरिएको श्यामकुमार यादवले बताउनुभयो। हुक्काहुक्की तिहारको खेलौना होइन, ग्रामीण जीवनशैली, संस्कार र कृषिसँग जोडिएको एक गहिरो सांस्कृतिक प्रतीक हो। गाउँका महिलाहरुका लागि यो रोजगारीको अवसर पनि हो। तिहार आउँदा उनीहरु आफ्नै हातले बनाएको परम्परागत वस्तु बेचेर घरको खर्च टार्ने गर्छन्।

एउटा वा घरमा छोरा भएको संख्या जति छुट्टाछुट्टै हुक्काहुक्की मुख फेर्न बनाएको हुन्छ। लक्ष्मी पूजाका दिन साँझ घरको जेठो छोरा वा सबै छोराले घरको देउता अगाडि बालिएको दीपबाट हुक्काहुक्कीको टुप्पोमा आगो सल्काएर मन्त्रोचारण गर्दै बाहिर डगर, चौरहा वा खेतमा गएर फेर्ने ( खेल्ने) गरिन्छ, यसलाई नै हुक्काहुक्की भनिने गरिन्छ।

त्यसपछि परिवारका अन्य सदस्यहरुले मात्र हुक्काहुक्की फेर्ने गरिन्छ। र सामूहिक रुपमा खेल्ने गरिन्छ। हुक्काहुक्की आधी जलेकै अवस्थामा भुईंमा राखेर तीन वा पाँच पटक नाँधेर बचेको भाग लिएर तरकारी बारीमा गाड्ने चलन रहेको छ। यसरी आधा जलेको हुक्काहुक्की खेतबारीमा गाडिएपछि राम्रो फल्ने, कसैको आँखा नलाग्ने जनविश्वास रहेको छ। ग्रामीण हस्तकलाको प्रतीक बनेको हुक्काहुक्की परम्परालाई जोगाइरहेको छ। हुक्काहुक्कीको घरबाट दरिद्रता भगाउन विश्वाससँगै गाउँको आत्मा र पुरखाहरुको आस्थाको अनुभूति गरिन्छ।

# गठन हुनासाथ संकटमा मधेस सरकार

जनकपुरधाम, ३१ असोज। मधेस प्रदेश सरकार गठन हुनासाथ संकटमा परेको छ। मधेस प्रदेश सभाका ६ दलको समर्थनमा लोसपा संसदीय दलका नेता जितेन्द्र सोनल मुख्यमन्त्री बनेका हुन्। उनले बिहीबार शपथ ग्रहण गर्दै जिम्मेवारी सम्हालेका छन्। ५६ सांसदको समर्थनसहित मुख्यमन्त्रीमा दाबी गरे बमोजिम नियुक्त भएका सोनलले शपथ लिना साथ आफ्नो पक्षबाट तीन सांसद गुमाएका छन्, जसले गर्दा प्रदेश सभामा उनी नेतृत्वको सरकारलाई अल्पमतमा पारेको छ। यद्यपि सर्वोच्च अदालतले जनमत पार्टी विभाजनविरुद्ध परेको रिटमा अन्तरकालीन अन्तरिम आदेश जारी गर्दै यथास्थितमा राख्न आदेश दिएपछि अन्योल बढेको छ।

मुख्यमन्त्री सोनललाई आफ्नै दल लोसपा नेपालका ९, जनता समाजवादी पार्टीका १९, नेकपा माओवादी केन्द्रका ९, नेकपा एकीकृत समाजवादीका ७, जनमत पार्टीका १३ र नागरिक उन्मुक्ति पार्टीका १ सांसदसहित समर्थन थियो। यो समीकरण अनुसार १०७ सदस्यीय प्रदेश सभामा मुख्यमन्त्रीको पक्षमा ५८ सांसद देखिन्छन्। सरकार गठन हुनासाथ विकसित राजनीतिक घटनाक्रमले यो बहुमत अस्थिर बनेको हो। बुधबार मुख्यमन्त्रीमा दाबी पेस गर्ने क्रममा जनमत पार्टीका दुई सांसद निवर्तमान मुख्यमन्त्री सतिश कुमार सिंह र पूर्वमन्त्री त्रिभुवन साह नवगठित जनस्वराज पार्टीमा समाहित भए। त्यसैगरी बिहीबार मुख्यमन्त्रीको शपथ ग्रहणको दिन जसपा नेपालका सांसद तथा पूर्वमन्त्री सरोज सिंह कुशवाहा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेका कारण निलम्बनमा परे।

यी घटनासँगै सत्ता गठबन्धनतिरको सांसद संख्या ५३ सांसदमा सीमित भएको छ, जुन प्रदेश सभामा अल्पमत हो। बहुमतका लागि प्रदेश सभामा कम्तीमा ५४ सांसदको समर्थन चाहिन्छ। यस कारण लोसपा नेतृत्वको सरकार हाल तरवारको धारमा अल्झिएको स्थितिमा पुगेको राजनीतिक विश्लेषक बताउँछन्। राजनीतिक विश्लेषक डा. भोगेन्द्र झाका अनुसार मधेस प्रदेशमा हाल गठन भएको सरकार लामो समय टिक्ने सम्भावना कमजोर देखिन्छ। उनकै शब्दमा 'अहिलेको अवस्थालाई हेर्दा यो सरकारको आयु अब अधिकतम २८ दिन जतिमात्र देखिन्छ।' संख्याबल सन्तुलनमा राख्न गठबन्धनका दलहरूले चनाखो रणनीति अपनाएनन् भने मुख्यमन्त्री सोनलले विश्वासको मत प्राप्त गर्न कठिन हुने डा. झाले प्रस्ट पारे। उनका अनुसार अहिले गठबन्धनमा सहभागी जनमत पार्टीका दुई सांसदमात्र होइन, अन्य सांसदले पनि जनस्वराज पार्टी रोज्न सक्ने सम्भावना उच्च छ।

डा. झाले थपे, 'त्यसका लागि जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले आफ्नो अहंकार त्यागेर सबैलाई पुनः एकत्रित गर्नुपर्ने अवस्था आएको छ।' मुख्यमन्त्री जितेन्द्र सोनलले शपथ ग्रहणपछि सबैलाई एक ढिक्का बनाएर आफू अघि बढ्ने बताएका थिए। सोही प्रसङ्ग उल्लेख गर्दै झाले भने, 'अब मुख्यमन्त्रीले त्यो ढिक्काभित्र अरू दलका प्रतिनिधिहरूलाई पनि समेट्नुपर्छ, नत्र सरकार अस्थिर रहन्छ।' मधेस सरकार स्थिर र बलियो हुने हो भने दीपक साह नेतृत्वको जनस्वराज पार्टीलाई पनि सरकारमा सहभागी गराउन आवश्यक रहेको डा. झाले बताए। राजनीतिक विश्लेषक तथा वरिष्ठ पत्रकार श्यामसुन्दर शशी जितेन्द्र सोनल नेतृत्वको सरकारले विश्वासको मत प्राप्त गर्ने विश्वास व्यक्त गर्छन्। उनले वर्तमान परिस्थितिमा लोसपा गठबन्धनसँग ५३ सांसद रहे पनि प्रदेश सभामा रहेका साना दललाई समेटेर विश्वासको मत लिन सक्ने दाबी गरे।

प्रदेश सभामा राप्रपा (एक सिट) र संघीय समाजवादी पार्टी (एक सिट) रहेको जिकिर गर्दै उनले यी दललाई विश्वासमा लिन सके सरकार टिक्न कठिन नहुने प्रस्ट पारे। मधेस प्रदेश सभामा हाल १० राजनीतिक दलले प्रतिनिधित्व गरेका छन्। तीमध्ये नेकपा एमाले (२३) र नेपाली कांग्रेस (२२) सिटका साथ क्रमशः पहिलो र दोस्रो ठुलो दल छन्। साना दलहरूको सहकार्यमा सरकार बनेका कारण यी दुवै दल प्रतिपक्षमा बस्ने भएका छन्। नेपाली कांग्रेस मधेस प्रदेश संसदीय दलका नेता कृष्ण प्रसाद यादवले वर्तमान राजनीतिक परिप्रेक्ष्यमा कांग्रेसले प्रतिपक्षको भूमिकामा रहने निर्णय गरिसकेको बताए। उनले भने, 'हामीले प्रतिपक्षमा बस्ने निर्णय गरेका छौँ। विश्वासको मतपछि आउने परिस्थितिलाई हेरेर आगामी रणनीति तय गर्नेछौँ।'

यादवले वर्तमान सरकारका सन्दर्भमा आफूले थप टिप्पणी नगर्ने बताए। यद्यपि उनले सरकारलाई जनअपेक्षासँग मेल खाने गरी काम गर्न सुझाव दिए। उनले भने, 'अहिले यतिमात्र भन्न चाहन्छु, जनअपेक्षाको अनुकूल वर्तमान सरकारले काम गरोस्।' मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री जितेन्द्र सोनलले प्रदेशलाई समृद्धिको मार्गमा लैजान र सुशासन कायम राख्न आफू दृढ रहेको बताएका छन्। उनले भने, 'जेनजी पुस्ताले देखेका सपना पूरा गर्न म हरेक कदम चाल्नेछु।'

प्रदेश सरकारमा मन्त्रालय भाडबन्डाको विषय पनि पेचिलो बन्ने देखिएको छ। जसपा नेपालले भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, उद्योग, वाणिज्य र पर्यटन मन्त्रालयको माग गरेको छ। अर्कोतिर जनमत पार्टीले अर्थ मन्त्रालयसहित ४ वटा मन्त्रालयमा दाबी गरेको छ। माओवादी केन्द्रले २ मन्त्रालय मागेको छ। लोसपा र नेकपा एकीकृत समाजवादीको भागमा १-१ मन्त्रालय पक्का भएको छ। प्रभावशाली मन्त्रालयमा दलहरूबिच एकातिर हानथाप चलेको छ भने अर्कोतिर जनमत पार्टीमा मन्त्री पदकै लागि प्रदेश सभा सदस्यहरूले दबाब बढाउन थालेका छन्। मन्त्री नपाए जनमत पार्टीबाट विभाजन भएर बनेको जनस्वराज पार्टीमा जाने भन्दै सो पार्टीका सांसदले धम्क्याउन थालेका छन्। यी तमाम समस्या समाधान गरेर सरकारले विश्वासको मत प्राप्त गर्नु निकै चुनौतीपूर्ण देखिएको छ।

## नेपाल अपराजित...

१-१ विकेट लिए। नेपालले ११ वर्षपछि पहिलोपटक आईसीसीको प्रतियोगितामा कुनै उपाधि जितेको हो। यसअघि सन् २०२३ मा विश्वकप छनोटमा नेपाल फाइनलमा ओमानसँग सुपर ओभरमा पराजित भएको थियो।

पछिल्लोपटक नेपालले सन् २०१४ मा आईसीसी डिभिजन चारको उपाधि जितेको थियो। त्यसअघि सन् २०१० मा डिभिजन ४ को उपाधि जितेको थियो। २०१४ यता आईसीसीको आयोजनामा हुने छनोटलगायतका प्रतियोगिता नेपालले जित्न सकेको थिएन। नेपालले समूह चरणमा कुवेत र जापानलाई हराएको थियो। कुवेत समूह चरणबाट अघि नबढेकाले जापानसँगको जितको २ अंक बोकेर सुपर सिक्समा पुगेको नेपालले सुपर सिक्सको पहिलो खेलमै यूएईमाथि १ रनको रोमाञ्चक जित निकालेको थियो।












मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट** : **मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)